# राष्ट्रिय मानव अधिकार आयोग

**National Human Rights Commission**

केन्द्रिय कार्यालय, Central Office

हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal

प.सं.
च. नं.

## प्रेस नोट

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०६९ माघ १८ गते

## पत्रकार र मानव अधिकारकर्मीहरूको सुरक्षाबारे प्रधानमन्त्रीलाई पत्राचार

पत्रकार तथा मानव अधिकारकर्मीहरूमाथि असुरक्षा बढेकोमा चासो प्रकट गर्दै राष्ट्रिय मानव अधिकार आयोगले प्रधानमन्त्री डा. बाबुराम भट्टराई विहीबार पत्राचार गरेको छ ।

प्रधानमन्त्रीबाट पत्रकारहरूको सुरक्षाबारे पटक-पटक प्रत्याभूति व्यक्त गर्दागर्दै पनि पछिल्लो समयमा पत्रकार तथा मानव अधिकारकर्मीहरूमाथि असुरक्षा बढेको समाचार निरन्तरजसो आइरहेको जनाउँदै उहाँहरूले आफूहरूमाथि असुरक्षा बढेको भन्दै आयोगमा उजुरीसमेत दर्ता गर्नुभएकाले यसबारे आयोगले विशेष चासो लिनुपर्ने अवस्था आएको कुरा पत्रमा उल्लिखित छ ।

प्रधानमन्त्रीलाई पठाइएको पत्रमा भनिएको छ, 'केही दिन अघि दैलेखका पत्रकारहरूले जिल्ला छाड्नु, समाचार संकलन गर्ने क्रममा काभ्रेका पत्रकारहरू पिटिनु, पत्रकारलाई धम्कीपूर्ण सन्देश प्रवाह गर्नु, आफूहरूमाथि असुरक्षा बढेको भन्दै मानव अधिकारको क्षेत्रमा कार्यरत संस्थाले आयोगमा उजुरी दर्ता गर्नु, 'रिपोर्टरस् विदाउट बोर्डस्' नामक अन्तर्राष्ट्रिय संस्थाले नेपाल पत्रकारहरूका लागि असुरक्षित देशको रूपमा चित्रण गर्नुजस्ता दृष्टान्तले पत्रकार र मानव अधिकारकर्मीहरू असुरक्षित छन् भन्ने पुष्टि गरेका छन् ।'

'मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणपत्र, १९४८, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ एवम् नेपालको अन्तरिम संविधान, २०६३ ले प्रदान गरेको मौलिक हकको उपभोग गर्दा यसप्रकारको अवस्था आउनलाई लोकतान्त्रिक परिपाटीमा नितान्त अशोभनीय अवस्था मान्न सकिन्छ ।' पत्रमा उल्लिखित छ ।

मानव अधिकारको बिग्रँदो अवस्थालाई सुधार नगरिएमा देशमा अराजकता फैलिनेतर्फ ध्यानाकर्षण गराउँदै मानव अधिकारको समग्र अवस्था सुधारका लागि आवश्यक वातावरण तयार पार्न पत्रमा आग्रह गरिएको छ ।

(विशाल खनाल)
सचिव